नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ कार्तिक महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

वर्ष-२ अंक-४

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषद्ले २०७८ कार्तिक महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका २९२ जना (बालक ७१ र बालिका २२१) बालबालिकाको खोजतलास गरी १७७ जना (बालक ४३ र बालिका १३४) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने ११५ जना बालबालिका (बालक २८ र बालिका ८७)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यसका साथै यस आर्थिक वर्षमा हराएको उजुरी परेका बालबालिका निरन्तर खोजी प्रक्रियाका क्रममा १०१ (बालक २६ र बालिका ७५) जना बालबालिका थप फेला परी परिवारमा पुनःस्थापना गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा २६ जना (बालक १६ र बालिका १०) बालबालिका फेला परेका थिए । जसमध्ये ११ (बालक ८ र बालिका ३) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १५ (बालक ८ र बालिका ७)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




(ख) यस महिनामा ८ (बालक ५ र बालिका ३) जना सडक बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका मध्ये २ जना (बालक १ र बालिका १) बालकको परिवारमा पुनर्स्थापना

गरिएको छ भने ५ (बालक ४ र बालिका १) बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ । गत आर्थिक वर्षमा र यस आर्थिक वर्षको साउनदेखि असोज महिनासम्म सडकबाट उद्धार गरिएका मध्ये १७ (बालक १५ र बालिका २) जना बालबालिकालाई कार्तिक महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्‌ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार कैलाली ५, बाँके ९, सुर्खेत १५, रुपन्देशी ४, कास्की ३, धनुषा १, मकवानपुर १०, सुनसरी ५, मोरङ्ग ६, काठमाडौँबाट १२, इलाम ३ र संखुवासभाबाट १ जना गरी कूल ७४ जना (बालक ४१ र बालिका ३३) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ३२ बालबालिका (बालक २० र बालिका १२)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना ३२ जना (बालक १९ र बालिका १३)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने १० जना (बालक २ र बालिका ८)लाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को असोज मसान्तसम्म कुल २६२४ जना बालबालिका (बालक १०४६ र बालिका १५७८)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | ५५ | १२४ | १७९ |
| २ | मनोसामाजिक मनोविमर्श | २८२ | ४०३ | ६८५ |
| ३ | पारिवारिक परामर्श | २९२ | ३४० | ६३२ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ११२ | १५९ | २७१ |
| ५ | कानूनी परामर्श | ७७ | २०६ | २८३ |
| ६ | शैक्षिक सहयोग | ४९ | ८७ | १३६ |
| ७ | आयआर्जन सहयोग | ० | ० | ० |
| ८ | बाल विवाह रोकथाम सहयोग | १५ | ४२ | ५७ |
| ९ | अन्य सहयोग | १६४ | २१७ | ३८१ |
| | जम्मा | १०४६ | १५७८ | २६२४ |

(घ) काठमाडौं जिल्लाका काठमाडौं महानगरपालिका, बुढानिलकण्ठ नगरपालिका, ललितपुर महानगरपालिकामा गरी जम्मा १० वटा बालगृहको स्थलगत अनुगमन गरिएको थियो जसमा १६४ (बालक ८७ र बालिका ७७) जना बालबालिका संरक्षित रहेका छन् । कार्तिक महिनामा परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य अन्तर्गत परिषद्‌सँगको समन्वयमा परिवारमा फर्कने वातावरण भएका १३ जना (९ बालक र ४ बालिका) बालबालिकालाई ४ वटा बालगृहहरुले पारिवारिक पुनर्स्थापना गरेका छन्।

ङ) मिति २०७८ कार्तिक १६ भारत स्थित बालगृहमा वेवारिस रहेका २ बालक र ३ बालिका गरी ५ जना नेपाली बालबालिकालाई राष्ट्रिय बाल अधिकार परिषद्‌को समन्वयमा छोराछोरी नेपाल संस्थाको पहलमा सकुशल उद्धार तथा स्वदेश फिर्ती गरिएको छ। यी बालबालिकाको पारिवारिक लेखाजोखा गरी पुनर्स्थापना गरिनेछ।

च) मिति २०७८ साल कार्तिक २ गते ललितपुर स्थित हरीसिद्दि प्रहरी प्रभागमा बुझाइएको आमा बाबुको नाम ठेगाना नखुलेकी अन्दाजी १५ महिनाको बालिका र इमाडोल क्षेत्रमा बेवारिस फेला परेका २ जना बालकलाई राष्ट्रिय बाल अधिकार परिषद् मार्फत उद्धार गरी अस्थायी संरक्षणको प्रबन्ध मिलाइएको छ । बालबालिकाको परिवार खोजतलास, सम्पर्क, लेखाजोखा र मनोविमर्स गरी आवश्यक संरक्षणको व्यवस्था मिलाइने छ ।

छ) बाल हेल्पलाईन १०९८, ईलामले माङ्सेबुङ गाउँपालिकामा मिति २०७८ कात्तिक १ गतेदेखि परेको अविरल वर्षाका कारण विस्थापित बालबालिकाको खानपान, पालनपोषण, लत्ताकपडा, शैक्षिक तथा स्वास्थ्य सामग्री सहयोगको लागि अनुरोध भएको हुँदा ५ घरपरिवारका ७ जना बालबालिका लाभान्वित हुनेगरी स्थानीय तह, बालहेल्पलाइन १०९८ इलामको समेत उपस्थिति र समन्वयमा राहत सहयोग उपलब्ध गरिएको छ ।




ज) मिति २०७८ कार्तिक २६ गते ईलामबाट हराएका वर्ष १५ र वर्ष १६ का दुईजना बालकहरु मिति २०७८ कार्तिक ३० गते बेलुका ७ बजे वडा प्रहरी कार्यालय हाटखोला विराटनगर र बालबालिका खोजतलास केन्द्र १०४ को संयुक्त टोलीले फेलापारी उद्धार गरी बालहेल्पलाईन विराटनगरमा अस्थायी संरक्षण प्रदान गरिएको छ ।



४· समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८ कार्तिक ५ गतेदेखि ९ गतेसम्म राष्ट्रिय बाल अधिकार परिषद्, नेपाल पेड्रियाटिक सोसाइटी (नेपास), पेड्रियाटिक नर्सेस एसोशियसन (पिनान) र एक्प्याट लग्सेम्बर्गको संयुक्त आयोजनामा “कोभिड–१९ को महामारी, यसबाट बालबालिकामा पर्ने प्रभाव र समस्या सम्बोधन तथा सहजीकरण गर्ने उपायहरू” सम्बन्धी भर्चुअल माध्यमबाट सात प्रदेशका ४८८ वटा स्थानीय तहका ५७९ जनाको उपस्थितिमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । परिषद्का सदस्यज्यूहरुको अध्यक्षतामा सम्पन्न कार्यक्रममा, प्रदेश विषयगत मन्त्रालय, सामाजिक विकास महाशाखा, सामाजिक विकास शाखा, महिला बालबालिका शाखा, शिक्षा शाखाका प्रमुखहरू, बालकल्याण अधिकारी, महिला बालबालिका शाखामा सम्बद्ध कर्मचारीहरु र बाल अधिकार स्वयम्सेवकहरूको सहभागिता रहेको थियो । कार्यक्रममा बाल अधिकार संरक्षण सम्बन्धी संरचनागत विषय, कोभिडमा बालबालिकाको अवस्था र स्वास्थ्यमा परेको प्रभाव तथा कोभिडका कारण सिर्जना हुनसक्ने समस्याको सम्बोधन गर्न के–कस्ता उपाय अपनाउनु पर्दछ भन्ने सन्दर्भमा कार्यपत्र प्रस्तुत गरिएको थियो । यसै गरी स्थानीय तहका बालबालिकाका विषयमा उठेका सवालहरू कोभिडमा बालबालिकाका संरक्षण, यसले शिक्षामा पारेको प्रभाव, कोभिड मापदण्डको पालनाको अनिवार्यता, कोभिड पश्चात बालबालिकाका स्वास्थ्य र मनोविज्ञानमा परेको प्रभाव, पोस्ट कोभिडले निम्त्याउन सक्ने जटिलता लगायतका सावलको सम्बोधन गरिएको थियो ।



(ख) मिति २०७८ कार्तिक ११ गते महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्री एवम् राष्ट्रिय बाल अधिकार परिषद्का अध्यक्ष श्री उमा रेग्मीले राष्ट्रिय बाल अधिकार परिषद्को अध्यक्षको पद बहाली गर्नु भएको छ । राष्ट्रिय बाल अधिकार परिषद्ले आयोजना गरेको स्वागत् कार्यक्रममा मन्त्रालयका श्रीमान् सचिव श्री यामकुमारी खतिवडा र परिषद्का सदस्य तथा कर्मचारीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा परिषद्का तर्फबाट हालसम्म भएका कार्यक्रमको उपलब्धि एवम् आगामी कार्ययोजनाका बारेमा कार्यकारी निर्देशकले जानकारी सहितको प्रस्तुति दिनुभएको थियो ।



(ग) मिति २०७८ कार्तिक १२ गते जिल्ला समन्वय समिति, कास्कीको आयोजना र राष्ट्रिय बाल अधिकार परिषद्को व्यवस्थापनमा तथा सहजीकरणमा बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्ला स्तरीय अन्तरक्रिया गोष्ठी सम्पन्न भएको छ। गोष्ठीमा जिल्ला समन्वय समिति तथा ५ वटा पालिकाका प्रमुख, उपप्रमुख परिषद्का बोर्ड सदस्य, कार्यकारी निर्देशक, प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, प्रहरी उपरिक्षक, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास महाशाखा प्रमुख, स्थानीय बाल अधिकार समितिका संयोजक, विधायन समितिका संयोजक, परिषद्का कर्मचारी गरी ५८ जनाको सहभागिता रहेको थियो। गोष्ठीमा बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिमका व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयनका लागि १० बुँदे प्रतिबद्धता समेत जारी भएको छ ।



(घ) २०७८ कार्तिक १२ गते शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशका सचिव श्रीमान् विनोद बहादुर कुँवरज्यूको अध्यक्षता, मा.मन्त्री मेखलाल श्रेष्ठज्यूको अभिभावकत्व र राष्ट्रिय बाल अधिकार परिषद्का राष्ट्रिय बाल अधिकार परिषद्का बोर्ड सदस्य भीमलाल गुरुङज्यू, कार्यकारी निर्देशक मिलनराज धरेलज्यू, महाशाखा प्रमुख शाखा प्रमुखज्यूको सहभागितामा सवन्वय वैठक सम्पन्न गरियो । उक्त वैठकमा राष्ट्रिय बाल अधिकार परिषद् र शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको तर्फबाट बालबालिका सम्बन्धी कार्यक्रम, प्राथमिकता र सहकार्यका क्षेत्रहरुको बारेमा प्रस्तुतीकरण गरिएको थियो । समन्वय बैठकबाट प्रदेश तथा स्थानीय तहमा बालसंरक्षण प्रणालीको स्थापना तथा सवलीकरण, बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन सेवा १०९८ को प्रभावकारी सञ्चालन लगायत बाल संरक्षणका विविध सवालहरुमा संघ र प्रदेशको समन्वय तथा सहकार्यका विषयमा छलफल गरिएको थियो ।



(ङ) मिति २०७८ कार्तिक १२ गते गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलज्यू, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय गण्डकीका माननीय मन्त्री मेखलाल श्रेष्ठज्यू, प्रदेश नीति तथा योजना आयोगका उपाध्याक्ष माननीय डा. रघुराज काफ्लेज्यू, प्रमुख सचिव डा. दामोदर रेग्मीज्यू, राष्ट्रिय बाल अधिकार परिषद्का बोर्ड सदस्य भीमलाल गुरुङज्यू, कार्यकारी निर्देशक मिलनराज धरेलज्यू, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवज्यू, बालबालिका खोजतलास समन्वय केन्द्र १०४ का प्रमुखज्यू, परिषद्का कर्मचारीहरुको सहभागितामा सवन्वय वैठक सम्पन्न गरियो । उक्त वैठकमा राष्ट्रिय बाल अधिकार परिषद् र गण्डकी प्रदेश तथा स्थानीय तहमा बालसंरक्षण प्रणालीको स्थापना तथा सवलीकरण, बालबालिका खोजतलास सेवा १०४ विस्तार, बाल हेल्पलाइन सेवा १०९८ को प्रभावकारी सञ्चालन, प्रदेश बाल अधिकार समिति गठन, प्रादेशिक बालबालिका सम्वन्धी ऐन लगायत बाल संरक्षणका विविध सवालहरुमा प्ररिषद् र गण्डकी प्रदेश बीच समन्वय तथा सहकार्यका विषयमा छलफल गरिएको थियो ।उक्त अवसरमा राष्ट्रिय बाल अधिकार परिषद्बाट प्रकाशित विभिन्न सामग्रीहरु परिषद्का कार्यकारी निर्देशकज्यूबाट माननीय मुख्यमन्त्री, मन्त्रीज्यू लगायतलाई उपलव्ध गराउनुभएको थियो ।



(च) मिति २०७८ कार्तिक १४ र १५ गतेका दिन राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा काठमाडौं जिल्ला स्थित बालगृह सञ्चालक तथा पदाधिकारीहरुलाई आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०६९ र बालबालिका सम्बन्धी विद्यमान कानूनी व्यवस्थामा व्यवस्था भएको वैकल्पिक स्याहार सम्बन्धी अभिमुखीकरण तथा छलफल कार्यक्रम सम्पन्न गरियो । सो कार्यक्रममा ५१ बालगृहबाट ६० जनाको सहभागिता रहेको थियो ।



(छ) मिति २०७८ कार्तिक १५ गते सडकदेखि रंगशालासम्म अभियान अन्तर्गत नेपाल रग्बी संघका रग्बी प्रशिक्षकहरुलाई खेल प्रशिक्षणको क्रममा गर्नुपर्ने बालमैत्री व्यवहार तथा बालसंरक्षणका विषयमा अभिमूखीकरण गरिएको थियो भने सडक बालबालिका पुनः स्थापना कार्यक्रम अन्तर्गत सीपमुलक तालिम प्रदायक संस्था ४

वटा र अस्थायी संरक्षण सेवा प्रदायक २ वटा संस्थाका प्रमुखहरुसँग अस्थायी संरक्षणमा रहेका बालबालिकालाई सीपमुलक तालिममा सहभागी गराउने सम्बन्धमा समन्वय बैठक सम्पन्न गरिएको थियो ।




(ज) जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्को समन्वय तथा सहजीकरण र एक्प्याक्ट लक्सेम्बर्ग/सेलर्डको व्यवस्थापनमा मिति २०७८ कार्तिक १४ देखि १६ गतेसम्म स्थानीय तहमा बाल अधिकार संरक्षण तथा सेवा प्रवाह विषयक तीन दिवसीय आवासीय तालिम काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा सम्पन्न भएको छ।तालिममा जिससका पदाधिकारी लगायत जिल्लाका सातवटै गाउँपालिकाका उपाध्यक्ष, शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका शाखा प्रमुख, न्यायिक समितिका कानून अधिकृत, बाल कल्याण अधिकारी गरी ३७ जनाको सहभागिता रहेको थियो।जिल्लाका सबै गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षणका लागि कानूनी, नीतिगत, संरचनागत तथा कार्यक्रमिक व्यवस्था तथा बालमैत्री सेवा प्रवाहको सुनिश्चितताका लागि साझा प्रतिबद्धता समेत व्यक्त भएको थियो।




(झ) मिति २०७८।०७।२२ देखि २४ गतेसम्म राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास केन्द्र १०४, बालहेल्पलाईन १०९८ को संयुक्त आयोजनामा छठपर्वको अवसरमा हुने मेलामा बालबालिका हराउने र बालबालिकामाथि हुने दुर्व्यवहारको सम्वन्धमा प्रतिकार्य गर्ने गरी प्रदेश नं. १ मा विराटनगर महानगरपालिका र जिल्ला प्रहरी कार्यालय मोरङबाट विराटनगर, इटहरी उप-महानगरपालिका, प्रदेश नं २ धनुषा जिल्ला लगायतका स्थानमा बुथ राखी प्रचारप्रसार गर्ने तथा बाल हेल्पडेक्सको सञ्चालन समेत गरिएको थियो । यसै गरी मिति २०७८ कार्तिक २८ गते संखुवासभा जिल्लाको खाँदवारी नगरपालिका स्थित मनकामनाधाममा सञ्चालन हुने एकादशी मेलामा बालबालिका हराउने तथा बालबालिकामाथि हुने दुर्व्यवहार र आपतकालीन सहायताका लागि प्रतिकार्य गर्न राष्ट्रिय बाल अधिकार परिषद्, बालबालिका खोजतलास केन्द्र १०४ विराटनगर, खाँदवारी नगरपालिका, जिल्ला प्रहरी कार्यालय संखुवासभा र बालहेल्पलाईन संखुवासभाद्वारा बालहेल्प डेक्स सञ्चालन गरिएको थियो ।






(ञ) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण, मन्त्रालयको परिपत्र पश्चात र निरन्तर स्थानीय तहको आफ्नो प्रयासमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि १९१ (प्रदेश नं. १ मा ६४, प्रदेश नं. २ मा १७, बागमति प्रदेशमा ६६, गण्डकी ८, लुम्बिनीमा १४, कर्णाली प्रदेशमा १६ र सुदूरपश्चिममा ६) वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १४२ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा १६, कर्णाली प्रदेशमा १६, बागमती प्रदेशमा ५६, गण्डकीमा १२, लुम्बिनी प्रदेशमा ८ र सुदूरपश्चिममा ७) वटा स्थानीय बाल अधिकार समिति गठन भएको छ । यसका साथै ६० (प्रदेश नं. १ मा ८, प्रदेश नं. २ मा ९, बागमति प्रदेशमा २२, लुम्बिनी प्रदेशमा ४, गण्डकी ५, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा २) वटा स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १४२ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा ७, बागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा १२, लुम्बिनी प्रदेशमा १३, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा ९) वटा स्थानीय तहमा बालकोष निर्माण गरी आवश्यकता अनुसार परिचालन भएको छ ।


## ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

क) कोभिड—१९ को महामारी शुरू भएदेखि २०७७ मंसिर १० गतेसम्म २० वर्षसम्मका ७६ हजार १ सय ३४ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १९ हजार ४ सय ९६ जना बालबालिका (बालक ११३३२ र बालिका ८१६४) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ५० गरी जम्मा ८८ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु

परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।





## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका २३ वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5,
https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc